# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission, Nepal**

केन्द्रीय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

## प्रेस विज्ञप्ति

११ साउन, २०७७

### अनसनरत व्यक्तिहरुको जीवनको रक्षा गर्न आग्रह ।

विश्वव्यापी रुपमा फैलिरहेको कोभिड-१९ बाट नेपाल समेत प्रभावित भएको अवस्थामा यसको रोकथामका लागि नेपाल सरकारद्वारा पीसिआर परीक्षणलाई तीव्रता दिनुपर्ने तथा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र अनसनरत युवाहरुबीच गत असार २२ गते भएको सम्झौताको प्रभावकारी कार्यान्वय हुनपर्ने लगायतका मागहरु राखी ९ दिनदेखि दुईजना युवाहरु आमरण अनसनमा रहेको अवस्थाप्रति आयोगको ध्यानाकर्षण भएको छ ।

आयोगले आज वसन्तपुर क्षेत्रस्थित अनसनस्थल पुगेर अनसनरत युवाहरुको माग तथा स्वास्थ्य अवस्थाको सम्बन्धमा पुनः अनुगमन गरेको छ । अनसनरत समिरा श्रेष्ठ र अर्का व्यक्ति ९ दिनदेखि अनसनमा रहेको र अनसनका कारण समिरा श्रेष्ठको स्वास्थ्यमा सामान्य समस्या देखिन थालेको अनुगमनको क्रममा बुझिएको छ । यसअघि आयोगले गत असार १७ गते पनि अनसनरत व्यक्तिहरुको सम्बन्धमा पाटनमा स्थलगत अनुगमन गरेको थियो ।

अतः अनसनरत व्यक्तिहरुको स्वास्थ्य सम्बन्धी न्यायोचित मागहरु सम्बोधन गरी जीवनको अधिकार रक्षा गर्न र अनसनका कारण निजहरुको स्वास्थ्यमा पर्नसक्ने असरप्रति संवेदनशील भई सार्थक संवाद र यस अधिको सम्झौता कार्यान्वयन गरी समस्याको समाधान गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ । साथै, आफ्ना मागहरु राख्नेक्रममा आमरण अनसन जस्तो कठोर बाटो नरोज्न र समस्या समाधानको लागि संवादलाई जोड दिन आयोग अनसनरत पक्षलाई अनुरोध गर्दछ ।

.................

वेद भट्टराई

सचिव/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org